स्थानीय सरकार

# लुम्बिनी साँस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# माछा पोखरी ठेक्का लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०५

यस लुम्बिनी साँस्कृतिक नगरपालिकाका विभिन्न वडा अन्तर्गत रहेका माछा पोखरीहरूको ठेक्का ४ बर्षको अवधिलाई लगाउने नगरपालिकाको निर्णय अनुरूप यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक किसानहरूले आफ्नो नागरिकताको प्रतिलिपी तथा फर्महरूले फर्म दर्ता प्रमाणपत्र, आ. व. ०८२/८३ को करचुक्ता प्रमाणपत्र, नविकरण गरेको प्रमाणपत्र, तथा कागजातसहित २०८३/०५/१९ गते कार्यालय समयभित्र तपसिलको शर्तको अधिनमा रही यस नगरपालिकामा आई दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

- दरभाउपत्र खरिद गर्दा रु. १०००/- तिरी यस नगरपालिकाको राजश्व शाखाबाट रसिद काट्नु पर्नेछ। रित पुर्वक कागजातसहित आएकालाई मात्र दरभाउपत्र उपलब्ध गराईनेछ। दरभाउपत्र फाराम यस नगरपालिकाको पशु सेवा शाखाबाट उपलब्ध गराईनेछ।
- दरभाउपत्र पेश गर्दा नगरपालिकाको न्युनतम दररेट भन्दा कम पेश गर्न पाईने छैन।
- आफुले कबोल गरेको अङ्क स्पष्ट रूपमा अङ्क र अक्षरमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
- आफुले कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैंङ्क लुम्बिनी शाखामा रहेको धरौटी खाता नं. ०४१४९०११४६११०१३३ मा जम्मा गरेको बैंङ्क भौचर समेत दरभाउपत्र भित्र राखि शिलबन्दी गरी पेश गर्नुपर्नेछ।
- आफुले कबोल गरेको रकम एकमुष्ठ रूपमा जम्मा गरेपछि मात्र ठेक्का सम्झौता अगाडी बढाईनेछ अन्यथा धरौटी जफत गरी सदरस्याहा गरिनेछ।
- उपलब्ध गराईएको दरभाउपत्रमा आफुले जुन पोखरीमा ठेक्का हाल्नुपर्ने हो सोको विवरण खामको बाहिर उल्लेख गर्नुपर्नेछ वा दरभाउपत्रमा जुन सिरियल नम्बरमा छ सोही अङ्क उल्लेख गर्नुपर्नेछ।
- मिति २०८३/०५/१९ गतेसम्म दरभाउपत्र खरिद गर्न सकिनेछ। यदि सो दिन सार्वजनिक बिदा परेमा अर्को दिन समेत खरिद गर्न सकिनेछ।
- दरभाउपत्र मिति २०८३/०५/२० गते १२ बजेभित्र दर्ता गरिसक्नुपर्नेछ। अन्यथा फाराम बुझिने छैन। यदि सार्वजनिक बिदा परेमा अर्को दिन समेत १२ बजेभित्र दर्ता गर्न सकिनेछ। सोही दिन दिउँसो २:०० बजे दरभाउपत्र खोलिनेछ।
- विस्तृत जानकारीका लागि यस नगरपालिकामा आई सम्पर्क गर्न सकिनेछ।
- यसमा उल्लेख भएका कुराहरू यसै अन्तर्गत र यसमा उल्लेख नभएका कुराहरू प्रचलित कानुन अनुसार हुनेछन्।
- ठेक्का सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकाको हुनेछ।
- विस्तृत सुचना कार्यालयको वेभसाईट www.lumbinisanskritikmun.gov.np मा हर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत